नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# जग्गा (नाप जाँच) सम्बन्धी विधेयक तर्जुमा गर्ने सम्बन्धी

## अवधारणा पत्र

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

(क) जग्गा नापजाँच ऐन निर्माण गर्नुपर्नाको औचित्य एवं आवश्यकताः

विकसित आधुनिक प्रविधिलाई आत्मसाथ गर्दै खगोलीय तथा भू-मापन सर्वेक्षणका माध्यमद्वारा नापजाँचका आधारभूत पूर्वाधारको निर्माण कार्यलाई व्यवस्थित गर्न, नेपाल भित्रका सम्पूर्ण भूमिको नापनक्सा एवम् दर्ता गरी नागरिकको भूमिमाथि संविधानप्रदत्त अधिकारको सुनिश्चितताको प्रत्याभूति प्रदान गर्न, भूमि व्यवस्थापन कार्यलाई प्रभावकारी एवम् समय सापेक्ष बनाउन, स्थलरुप नापनक्सा तथा भूमिस्रोत नक्सा तयार गर्न, नापनक्सा अनुमतिपत्रलाई व्यवस्थित गर्न तथा भौगोलिक सूचना/डाटाको अन्तरसञ्चालनशीलतालाई अभिवृद्धि गर्न जग्गा नापजाँच विधेयक तर्जुमा गर्न आवश्यक देखिएको छ। प्रस्तुत विधेयक तर्जुमा गर्नु पर्ने कारणहरू देहाय बमोजिम रहेका छन्।

(ख) संवैधानिक कारणः

नेपालको संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँड अन्तर्गत विभिन्न उपधारा बमोजिम संविधानका अनुसूचीहरू ५,६,७,८ र ९ मा संघ, प्रदेश र स्थानीय तहको कार्य विभाजन अनुसार जग्गाको नापजाँच सम्बन्धी भूमिकालाई प्रष्ट पार्नुपर्ने भएकोले ।

नेपालको संविधानको धारा ५१ मा व्यवस्था भए बमोजिमको राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति अन्तर्गत भूमि प्रशासनलाई स्वस्छ, सक्षम, निस्पक्ष, पारदर्शी, भ्रष्टचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न मौजुदा ऐनबाट सम्भव नभएको ।

कृषि र भूमिसुधार सम्बन्धी नीति अन्तर्गत वैज्ञानिक भूमिसुधार, चक्लावन्दी, भूमि व्यवस्थापन, भूमिको समुचित उपयोगको लागि आधुनिक प्रविधि मैत्री कानून निर्माण गरी भूमि र भूमिश्रोतको लगत संकलन गर्न

(ग) अन्तराष्ट्रिय दायित्वः

संयुक्त राष्ट्र संघले अबलम्बन गरेका संयुक्त राष्ट्रसंघीय भू-प्रशासन रूपरेखा (FELA, Framework for Effective Land Administration) ले अंगिकार गर्न विद्यमान कानुनी, प्राविधिक, संस्थागत र मानव संशाधन पक्षको सुधार गर्न तथा दिगो विकासका लक्ष्य हासिल गर्न।

**(घ)सर्वोच्च अदालतको फैसलाः**

ने.का.प. २०६८, अङ्क १२, निर्णय नं.८७३१, प्रकरण १४

सहरीकरण वा आवास कार्यक्रमहरू सञ्चालन गर्दा राज्यको पहिलो स्वार्थको रुपमा राज्यको प्राकृतिक सुविधाको सदुपयोग गर्ने, भूमिको सम्भाव्यता र उपयुक्तताअनुसार वर्गीकरण गरी कस्तो भूमिमा खेतीपाती गर्ने, कस्तो भूमि वनजंगल, वसोवास, सरकारी सार्वजनिक प्रयोजन र व्यापार, वाणिज्य वा औद्योगिक प्रयोजनको लागि छुट्याउने भनी प्राथमिकताको आधारमा जनसहमति समेत बुझी भूमिको सर्वेक्षण, अनुसन्धान र योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

**(ङ) सरकारको नीति तथा कार्यक्रमः**

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमः बुँदा नं. २२ आइटी-आधारित भू-सूचना प्रणाली स्तोरन्नति गरी सेवा प्रवाहमा सुधार गरिनेछ । भुमिको नापजाँच र तथ्याङ्क व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।

आ.व. २०८१/८२ को बुँदा नं. ५६ अनुसार जग्गा सम्बन्धी सेवा अनलाइन प्रविधिमार्फत गर्न, नाप नक्सा सम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाउन, डाइनामिक डाटम परिभाषित गरिनेछ।

आ.व. २०८१/८२ को बुँदा नं. ४९ अनुसार भू-सूचना प्रणालीको प्रयोग गरी सेवा प्रवाहमा सुधार गरिने, भुमिको नापजाँच र तथ्याङ्क व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।

**(च)अन्य कुनै कारणः**

भूमिको सर्भेक्षण सम्बन्धी विकसित प्रविधिको आत्मसाथ गरी भू-सूचना संकलन, व्यवस्थापन र सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाहमा सुशासन प्रवर्द्धन गर्न ।

कित्तानापी लगायतका भूमि सर्भेक्षणका अन्य विधा स्थलरूप नापी, भूउपयोग नापी, खगोल तथा भूमापन नापी सम्बन्धी विषयलाई समेत व्यवस्थित गर्न, भौगोलिक सूचना पूर्वाधारको निर्माण र सहज वितरणलाई व्यवस्थित गर्न ।

**२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :**

(क) कित्ता नापी, स्थलरुप नापी, भू-उपयोग नापी, खगोल तथा भू-मापन नापी, भौगोलिक सूचनाको भण्डारण, वितरण थप व्यवस्थित हुने ।

(ख) राष्ट्रिय नापनक्सा निकायको रुपमा कार्य गर्नुपर्ने नापी विभागको काम, कर्तव्य र अधिकार प्रष्ट हुने।

(ग)पुनःनापी, छुट नापी, गाउँ ब्लक नापी थप व्यवस्थित हुने ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः प्रत्येक देशमा जग्गा (नाप जाँच) सम्बन्धी समसामयिक कानून विद्यमान रहेको ।

८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भइ कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः प्रविधिमा रुपान्तरण भएसँगै कानूनमा समेत समसामयिक सुधार हुन आवश्यक देखिएको ।

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार : कुनै थप आर्थिक भार नपर्ने ।

१०. प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः थप संरचना आवश्यक नपर्ने ।

११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको : श्री अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट दसहमति प्राप्त भएको।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः

(क) कित्ता नापीसम्बन्धी व्यवस्था।

(ख) स्थलरुप नापी तथा भू-उपयोग व्यबस्थापनसम्बन्धी व्यवस्था।

(ग) खगोल तथा भू-मापनसम्बन्धी व्यवस्था ।

(घ) भौगोलिक सूचना पूर्वाधारसम्बन्धी व्यवस्था ।

(ङ) नापनक्सा अनुमतिपत्रसम्बन्धी व्यवस्था ।

(च) नक्सा अद्यावधिकसम्बन्धी व्यवस्था ।

(छ) नापजाँचको क्रममा तयार भएका नक्साको प्राविधिक परीक्षणसम्बन्धी व्यवस्था ।